नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau@nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८१-१२-०६ गते।
ने.सं. ११४५

## प्रेस विज्ञप्ति

### सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्रहत्या गर्ने व्यक्ति पक्राउ।

कामको सिलसिलामा चिनजान भई, सामाजिक सञ्जाल फेसवुकमा साथी बनी, सम्बन्धमा समेत रहेर भेटघाटका क्रममा भएका अन्तरङ्ग सम्बन्धका क्रियाकलापहरु पीडकले गोप्य रुपमा खिची/रेकर्ड गरी राखेको र आपसमा मनमुटाउ भए पश्चात पीडितका आफन्त तथा साथीहरूको म्यासेन्जरमा पठाई चरित्र हत्या गरी दुःख हैरानी दिएको भन्ने व्यहोराको पीडित महिलाको निवेदन ब्यूरोमा प्राप्त भई सो सम्बन्धमा प्राविधिक विश्लेषण र अनुसन्धान गर्दा उक्त कार्य गर्ने बेदौली, लालगंज, वैशाली बिहार, ८४४१२१ भारत स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ क्षेत्रपाटी बस्ने वर्ष ४१ को नुनु राय रहेको खुल्न आएकाले निज उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मुद्दा दर्ता गरी ब्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०८१/१२/०५ गते काठमाडौंबाट पक्राउ गरी सम्मानित जिल्ला अदालत काठमाडौंको आदेशले दिन सात (७) म्याद थप भई अनुसन्धान कार्य भइरहेको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२